# स्थानीय राजपत्र

भुम्लु गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८ संङ्ख्याः२ मिति २०८१ असार २७ गते

## भाग १

## भुम्लु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सल्ले, काभ्रेपलाञ्चोकको
## सूचना

**भुम्लु गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ**

" विनियोजन ऐन, २०८१"



प्रमाणीकरण मितिः २०८१।०४।०१
राजपत्रमा प्रकाशन मितिः २०८१।०४।०४

सम्वत् २०८१ सालको ऐन नं. २

### भुम्लु गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको

**प्रस्तावना :** भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोक २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकको गाउँ सभाबाट पारित गरियो।

**१.संक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम “भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकको विनियोजन ऐन, २०८१ "रहने छ । (२) यो ऐन मिति २०८१।०४।०१ देखी लागु हुनेछ।

**२.आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ६८,१०,९०,४०४(**अक्षेरुपीः अड्सठ्ठी करोड दश लाख नब्बे हजार चार सय चार रुपैयाँ मात्र**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ।

**३.विनियोजन** :(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त भुम्लु गाउँपालिका, काभ्रेपलाञ्चोकको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको

१० (दश) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४)यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएतापनि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रहि कुनै शीर्षकबाट पूँजिगत शीर्षकम पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ ।



खण्ड ८ सङ्ख्या २ मिति २०८१।०३।२७

**अनुसूची– १**
**भुम्लु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सल्लेभुम्लु, काभ्रेपलाञ्चोक**
**आ.व. २०८१।०८२ को अनुमानित आय/व्यय विवरण**

| आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|
| | शीर्षक | आय | शीर्षक | व्यय |
| नेपाल सरकारबाट प्राप्त अनुदान | समानीकरण | ८,१२,००,००० | संघीय सशर्त | रु.२३,७६,४५,०००/- |
| | सर्शत | २३,७६,४५,००० | प्रदेश सशर्त | रु.२,०१,९४,०००/- |
| | विशेष अनुदान | रु.० | संघीय समपुरक | रु.५५,००,०००/- |
| | समपुरक अनुदान | ५५,००,००० | प्रदेश समपुरक | रु.१,००,००,०००/- |
| | राजश्व बाँडफाँड | ७,८८,००,००० | प्रदेश विशेष | रु.५५,००,०००/- |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | समानीकरण | ७५,६५,००० | वडा स्तरिय योजना | रु.५,००,००,०००।- |
| | सर्शत | २,०१,९४,००० | गाउँपालिका स्तरिय योजना | रु.३,४९,००,०००।- |
| | विशेष अनुदान | ५५,००,००० | समपुरक योजनाको अंश | रु.१,५५,००,०००।- |
| | समपुरक अनुदान | १,००,००,००० | प्रशासनिक व्यय | रु.१४,५७,५८,७६०।- |
| | राजश्व बाँडफाँड | २,०९,४०,४५० | अन्य सिर्जित दायित्व | रु.२,९९,५२,२१७।- |
| गाउँपालिकाको आन्तरिक आय | गिट्टी, ढुङ्गा, वालुवाबाट प्राप्त हुने आय | ११,३०,८२,८२४ | विषयगत शाखाहरु | रु.९,११,४०,४२७।- |
| | अन्य राजश्व | ३,०६,६३,१३० | गौरवका योजना | रु.३,५०,००,०००।- |
| नगद मौज्दात | | ७,००,००,००० | | |
| कुल अनुमानित बजेट | | **६८,१०,९०,४०४** | | **६८,१०,९०,४०४** |

आज्ञाले

सुदर्शन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत